# शुद्धोधन गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
लबनी, कपिलवस्तु
लुम्बिनी प्रदेश

शुद्धोधन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लबनी, कपिलवस्तु लुम्बिनी प्रदेश

प.सं. ०७७/०७८ मिति :२०७७/११/१३
च. नं. १०६५

---

**साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम माग समबन्धी सूचना**
(प्रथम पटक प्रकाशित मिति२०७७।११।१३)

शुद्धोधन गाँउपालिका,कृषि विकास शाखा लवनी कपिलवस्तु आ.वा. २०७७।७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजन,परियोजना व्यवस्थापन इकाइ, खुमलटार ललितपुर बाट प्राप्त राष्ट्रिय र स्थानिय महत्वका खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याउने वाली वस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गर्नु पर्ने भएकोले उक्त पाकेट कार्यक्र संचालन गर्न चाहिने यस गाँउपालिका अर्न्तगत रहेका कृषक समुह/कृषि सहकारी/जल /वन उपभोगत्ता समिति/कृषि फर्महरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अर्थात मिति २०७७।११।२७ गते भित्र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्यवन म्यानुअलको अनुसूची ६ अनुसारको आवेदन तथा अनुसूची ७ अनुसारको आधारभूत तथ्यांक फारम भरी शुद्धोधन गाँउपालिकाको कृषि विकास शाखामा निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

**कार्यक्रम संचालनका मापदण्डहरु :**

| क्र. स. | वाली/वस्तुको नाम | इकाई | न्यूनतम क्षेत्रफल वा संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | खाद्यान्न/आलु र तरकारी वाली | हेक्टर | २० | |
| २. | तेलहन/दलहन/मसला तथा फलफूल वाली | हेक्टर | १० | |
| ३. | मौरी | घार | ३०० | |
| ४. | कन्ये तथा गोब्रे च्याउ | के.जी. | १००० | च्याउको वीउ |
| ५. | सिताके च्याउ | मुढा संख्या | ५००० | |
| ६. | प्लाष्टिक घरमा खेती | वर्गमीटर | १०००० | |

**पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. कृषक समुह/कृषि सहकारी/जल/वन उपभोगत्ता समितिको हकमा पकेट माग गर्ने सम्बन्धमा निणर्य प्रतिलिपि ।
२. संस्था दर्ता प्रमाण पत्रको नवीकरण सहितको प्रतिलिपी ।
३. निवेदकको नागरिक्ताको फोटो कपी ।
४. वडा कार्यालयको सिफारिस पत्र ।
५. रु २००। को राजस्व रसिद ।
६. कृषक समुह /कृषि सहकारी /निजी फर्मको करचुक्ता प्रमाण पत्र र स्थायी लेखा नम्बर (PAN) प्रमाण पत्रको प्रतिलिपी ।
७. कार्यक्र संचालन हुने स्थान जग्गा जमीनको स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भए कम्तीमा ५ वर्षका करार सम्झौता पत्रको प्रतिलिपी ।
७. अनुसूची–६ अनुसारको निवेदन तथा अनुसूची–७ अनुसारको विवरण ।

**कृष्ण प्रसाद ज्ञवाली**
**प्रमुख प्रशासकीय अधिकृत**